// मालारानी राजपत्र

मालारानी गाउँपालिका, अर्घाखाँचीद्वारा प्रकाशित

खण्डः २, संख्याः ६, मितिः २०७६/१२/२८

भाग–२

**सम्वत् २०७६ सालको कार्यविधि नं. ५**

**कार्यविधिको नाम : कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०७६**

१. **प्रस्तावना :** मालारानी गाउँपालिका पशुपालनको क्षेत्रमा प्रशस्त सम्भावना बोकेको गाउँपालिका हो । यहाँका अधिकांश मानिसहरूले मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन पेशालाई अबलम्वन गरेका छन् । यसरी यस पालिकाका कृषकहरूलाई व्यवसायीक र प्रतिष्पर्धी बनाई उनीहरूको आयआर्जन वृद्धि गरी स्वाबलम्बी बनाउन बाञ्छनीय भएकोले यो कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा

१०२ ले दिएको अधिकार प्रयोग गरी मालारानी गाउँकार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "गाउँपालिका" भन्नाले मालारानी गाउँपालिकालाई सम्झनुपर्छ।

(ख) "अध्यक्ष" भन्नाले मालारानी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ग) "उपाध्यक्ष" भन्नाले मालारानी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मालारानी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(ङ) "वडा" भन्नाले मालारानी गाउँपालिकाको सबै वडाहरूलाई सम्झनु पर्दछ ।

(च) "सहकारी" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न मालारानी गाउँपालिका भित्रका सहकारीहरू लाई जनाउनेछ । यस शब्दले मालारानी गाउँपालिकाका कृषकहरूको कृषिजन्य उत्पादन खरिद गर्ने आसपासका सहकारीलाई समेत जनाउनेछ।

(छ) "तरकारी" भन्नाले फूलगोभी, बन्दागोभी, केराउ, बोडी, सिमी, साग, गोलभेडा, आलु, लौका, चिचिण्डा, घिरौला, पाटेघिरौला, भाण्टा, फर्सि, कांका, स्कुस, परवर, पिडालु लगायतका तरकारीको रुपमा प्रयोग हुने वस्तुलाई जनाउछ।

(ज) “फलफूल” भन्नाले कागती, जुनार, सुन्तला, अम्बा, आंप, लिचीलगायत फलफुलको रुपमा प्रयोग हुने वस्तुलाई जनाउछ ।

(झ) “मसलाजन्य वस्तु” भन्नाले लसुन, प्याज, धनिया, खुर्सानी, अदुवा, हलेदोलगायत मसलाको रुपमा प्रयोग हुने वस्तुलाई जनाउने छ ।

**३. अनुदान उपलब्ध गराउन सक्ने कृषि तथा पशुजन्य वस्तुहरू :**

(क) गाउँपालिकाले आफ्नो स्वीकृत बजेटको परिधिभित्र रही पशुजन्य उत्पादन अन्तर्गत दुध, मासु, अण्डामा र कृषिजन्य वस्तु अन्तर्गत तरकारी, फलफूल, मह तथा मसलाजन्य वस्तुमा अनुदान उपलब्ध गराउने छ ।

**४. अनुदान उलब्ध गराउने विधि :**

(क) कृषकहरूले अनुदान प्राप्त गर्नको लागि तोकेको सहकारी वा समूह मार्फत विक्री वितरण गरेको हुनु पर्नेछ ।

(ख) सहकारीहरूले कृषिजन्य वस्तु खरिद गरेको र विक्री गरेको अभिलेख स्पष्टसँग राखेको हुनुपर्नेछ ।

(ग) सहकारीले राखेको अभिलेखको आधारमा सहकारी तथा वडाले गाउँपालिकालाई विक्रीको परिमाण र रकम सिफारिस गरी पठाउनु पर्नेछ ।

(घ) सहकारी तथा वडाको सिफारिसको आधारमा पालिकाबाट कृषि तथा पशुजन्य बस्तुको विक्रीमा आधारित अनुदान उपलब्ध हुनेछ ।

(ङ) गाउँपालिकाले सहकारीको अभिलेखको समय समयमा अनुगमन निरीक्षण गर्नेछ र झुठ्ठा विवरण राख्ने र पेश गर्ने समूह सहकारीहरूको दर्ता खारेजी गरी त्यस्ता समूह सहकारीहरूमार्फत अनुदान वितरण गरिने छैन ।

(च) अनुदान उपलब्ध गराउँदा सहकारीलाई अनुदान उपलब्ध गराईनेछ र सहकारी मार्फत कृषकहरूले विक्रीको आधारमा अनुदान प्राप्त गर्नेछन् ।

(छ) कृषि तथा पशुजन्य वस्तुको विक्रीमा सहजीकरण गर्ने सहकारीहरूलाई व्यवस्थापन खर्च बापत कार्यविधिमा तोकिए बमोजिमको रकम उपलब्ध गराईनेछ ।

(ज) यो कार्यविधि स्वीकृत भएपश्चात सहकारी मार्फत विक्री वितरण गरी अभिलेखिकरण गरिएका कृषकहरूलाई मात्र अनुदान उपलब्ध गराईनेछ ।

(झ) कृषि तथा पशुजन्य वस्तु विक्री वितरणमा संलग्न हुन चाहने सहकारीहरूले आफ्नो प्रमाणपत्रसहित वडामा निवेदन पेश गर्नुपर्नेछ र निवेदनको आधारमा वडाले पालिकामा सिफारिस गरिसकेपश्चात उक्त कार्यमा संलग्न हुन गाउँपालिकाले सहकारीलाई अनुमति दिनेछ । यसरी अनुमति प्राप्त गरिसकेपश्चात सहकारीले विक्री वितरणको अभिलेख राख्न शुरु गर्नेछ ।

(ञ) कृषकहरूले प्राप्त गरेको अनुदान सहकारीहरूले भर्पाई गरी बुझाउनु पर्नेछ र सो को एकप्रति फोटोकपी गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ ।

## ५. उपलब्ध गराउने अनुदान रकम :

**५.१ कृषकः** कृषकहरूलाई बिक्रीको आधारमा सहकारीहरू मार्फत देहाय बमोजिमको रकम उपलब्ध गराईनेछ ।

**(क) पशुजन्य वस्तु** : **दुध** : प्रति लिटर रु. ५, **मासु :** प्रति के.जी. रु. ५०, **अण्डा :** प्रति गोटा १ रुपैया

**(ख) कृषिजन्य वस्तु : मह :** प्रति के.जी. रु. ५०, **धनिया/साग : रु. १** प्रति २० रुपैयाको विक्रीमा,

**तरकारीहरू :** प्रति के.जी. रु. ५, **मसलाजन्य वस्तुहरू** : प्रति के.जी. रु. ५, माछा प्रति के.जी. रु. ५०, फलफूल प्रति के.जी. रु. ५

५.२ **सहकारी/समूह/व्यवशायी :** कृषि तथा पशुजन्य वस्तु संकलनको लागि तोकिएका र संलग्न सहकारी तथा समूहहरूलाई व्यवस्थापन खर्चको लागि देहाय बमोजिम अनुदान उपलब्ध गराईनेछ ।

(क) कृषि तथा पशुजन्य वस्तु विक्री वितरणमा संलग्न सबै सहकारीहरूलाई न्यूनतम वार्षिक रु. १५,०००। उपलब्ध गराईनेछ । यस्ता सहकारीहरूले कम्तिमा वार्षिक आफूले प्राप्त गर्ने न्यूनतम व्यवस्थापन बजेटको ५ गुणा रकम बराबरको कारोबार गर्नुपर्नेछ ।

(ख) न्यूनतम व्यवस्थापन बजेटको अतिरिक्त सहकारीहरूले विक्रीको परिमाणको आधारमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम थप प्रोत्साहन गर्न सक्नेछ ।

(ग) मालारानी गाउँपालिका बाहिरका सहकारीहरूलाई भने यस प्रकारको बिक्रीमा आधारित अनुदान उपलब्ध गराईने छैन ।

## ६. कृषि तथा पशुजन्य वस्तुको खरिद तथ विक्री मूल्य :

(क) सहकारीहरूले आफ्ना सबै सदस्यहरूको सहभागितामा कृषि तथा पशुजन्य वस्तुको खरिद तथा विक्री मूल्य निर्धारण गर्न सक्नेछन् ।

(ख) कृषि तथा पशुजन्य वस्तुको मूल्य निर्धारण गर्दा उत्पादित वस्तुको प्रकृति हेरी बार्षिक, चौमासिक, मासिक वा दैनिक रुपमा मूल्य निर्धारण गर्न सक्नेछन् ।

(ग) कृषकहरूको सहभागितामा सहकारीले निर्धारण गरेका मूल्यको सूचि सहकारीले सबैले देख्ने गरी संकलन केन्द्रमा टाँस गर्नुपर्नेछ ।

(घ) खरिद र बिक्री मूल्य निर्धारण गर्दा यथासक्य खरिद र विक्री मूल्य विचको अन्तर कम हुनु पर्नेछ । तर मूल्य निर्धारण गर्दा भण्डार अवधिमा हुन सक्ने नोक्सानीलाई समेत ध्यान दिनुपर्नेछ ।

(ङ) खरिद र बिक्री मूल्यबिच हुने अन्तरबाट हुने आम्दानी सम्बन्धित सहकारीको हुनेछ र उक्त रकम सहकारीले संस्थाको निर्णय बमोजिम कर्मचारी व्यवस्थापनलगायत सहकारीको अन्य व्यवस्थापकीय खर्चमा लगाउन सक्नेछ ।

(च) कृषि तथा पशुजन्य वस्तुको मूल्य निर्धारणको क्रममा सम्बन्धित वडा कार्यालय तथा गाउँपालिकाको कृषि तथा पशुसेवा शाखालाई सहजिकरणको लागी सहकारीले आमन्त्रण गर्न सक्नेछन् ।

(छ) गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरूले कुनै कार्यक्रम गर्दा गाउँपालिका भित्रका सहकारीहरूमार्फत कृषि तथा पशुजन्य वस्तु खरिद गर्ने कार्यलाई प्राथमिकता दिनुपर्नेछ ।

७. **अनुदान रकम निकासा :** बिक्रीमा आधारित अनुदान उपलब्ध गराउँदा गाउँपालिकाबाट चौमासिक वा अर्धवार्षिक वा बार्षिक रुपमा उपलब्ध गराउन सकिनेछ ।

८. **अन्य क्षेत्रमा अनुदान :** बिक्रीमा आधारित अनुदान बाहेक गाउँसभाबाट स्वीकृत कार्यक्रम बमोजिमको कृषि तथा पशुक्षेत्रको अनुदान प्रदान गर्न यो कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन ।

९. **बजारमूल्यको कारण हुने क्षतिको परिपूर्ति :** विश्वव्यापी बजारीकारणको कारण स्थानीय कृषकको उत्पादन मूल्य भन्दा अत्यधिक कम मूल्यमा कृषिजन्य वस्तु बजारमा आई कृषकलाई हुने घाटा पूर्ति गर्ने सन्दर्भमा थप मापदण्ड बनाई कार्यपालिकाको निर्णय बमोजिम कार्य अगाडि बढाईने छ ।

१०. **बाधा अड्काउ फुकाउने :** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

११. **परिमार्जन तथा संशोधन :** कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यापालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

कार्यपालिका बैठकबाट पारित मिति : २०७६/११/२०

आज्ञाले
**विष्णु घर्ती**
प्रमुख प्रशासकीय अधिकृत